तामाकोशी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, जफे दोलखा

# अध्यक्ष श्री प्रोणप्रताप केसीले गाउँसभामा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम

तामाकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम

**तामाकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जफे, दोलखा**
**९ असार २०८२**

**तामाकोशी गाउँपालिकाका उपाध्याक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, तामाकोशी गाउँपालिकाको दोस्रो गाउँसभाको सातौं अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।**

तामाकोशी गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस सम्मानीत दोश्रो गाउँसभाको सातौं अधिवेशनको बैठकमा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुसी छु। विक्रम सम्बत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा मतदान मार्फत निर्वाचित गराउनु हुने आदरणीय गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

हामी गाउँपालिकाको विकास, सुधार र समृद्धि सुनिश्चित गर्न नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय तहका कानुनहरूले दिएको अधिकारको उचित प्रयोग गर्न र कानुनी रूपमा तोकिएका दायित्व, कर्तव्य तथा कार्यहरू इमानदारीपूर्वक पूरा गर्न कटिबद्ध छौं । साथै, गाउँपालिकाको ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नु हाम्रो प्राथमिक जिम्मेवारी हो।

सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गरी समग्र सेवा प्रवाहलाई थप पारदर्शी, पहुँचयोग्य र प्रभावकारी बनाउन निरन्तर प्रयासरत रहेका छौं । जसको लागि गाउँपालिकाको वडा नम्बर ३ को मानेडाँडामा सुविधा सम्पन्न प्रशासकिय भवन निर्माणका लागि आवश्यक प्रकृया अघि बढाइने छ । स्वच्छ, सफा, सुरक्षित र हरियालीयुक्त पर्यावरण विकास गरी गाउँपालिकालाई आवासयोग्य बनाउन कार्यक्रमहरु तय गरिनेछ ।

सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीतिलाई निरन्तरता दिइने छ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि विशेष पहल गरिनेछ ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी, कर्मचारी, राजनीतिक दल, शिक्षक, विद्यार्थी, देश विदेशमा रहनु हुने सम्पुर्ण महानुभावहरु समक्ष समन्वय र सहकार्य गरिने छ ।

**<u>आर्थिक बर्ष २०८१/०८२ को नीतिको समीक्षा:</u>**

१) विकास योजनाहरू कार्यान्वयन गर्दा १० लाखभन्दा माथिका योजनाहरुमा राष्ट्रिय रुपमा खुला प्रतिस्पर्धात्मक विद्युतीय बोलपत्रको माध्यमबाट गरिने परिपाटीको थालनी गरिएकोमा त्यसको चौतर्फि सकारात्मक प्रभावहरू परेको छ । यसको कारण योजनाहरु कम लागतमा तोकिएको समय र अपेक्षित गुणस्तरमा सम्पन्न भएका छन् । सो परिपाटीलाई निरन्तरता दिनु आवश्यक रहेको छ ।

२) गएको वर्ष पनि राजश्व संकलन संघीय समानिकरण अनुदान राजश्व बाँडफाँड (रोयल्टी सहित) प्राप्तिका हिसाबले सुखद रहेन । आन्तरिक राजस्व संकलन समेत भुवर्गिकरण नभएको कारणले ढुङ्गा गिटी, बालुवा संलकन तथा व्यवस्थापनका लागि पटकपटक ठेक्का आव्हान गर्दा समेत लाग्न सोचे अनुरुप सफलता प्राप्त भएको देखिएन । विद्युत रोयल्टी प्राप्तिमा समेत विभिन्न खाले कठिनाई उत्पन्न भयो ।

३) समपुरक योजनाको नाममा प्राप्त हुने योजनाहरूमा पर्याप्त बजेट विनियोजन गर्नु आवश्यक हुन्छ । तर विनियोजनपश्चात ठेक्का प्रक्रियामा अत्यन्त कम मूल्यमा ठेक्का लाग्ने र त्यसपछि बाँकी रकम सम्बन्धित निकायमा फिर्ता जाने अवस्था छ। विशेष कारणले योजना निर्धारित समयमै सम्पन्न हुन नसकेर म्याद थप गर्नुपरेमा, त्यस अतिरिक्त अवधिमा सम्पन्न गरिएका कार्यहरूको भुक्तानी गर्ने दायित्व मात्र गाउँपालिकामै पर्ने भएकाले साझेदारी योजनाबाट अपेक्षित लाभ लिन गाउँपालिका असमर्थ हुने स्थिति सिर्जना हुन्छ। त्यसैले आगामी दिनमा समपुरक योजनाको अवधारणामा पुनर्विचार गर्न आवश्यकको महसुस थप प्रबल बनेको देखिन्छ ।

४) विकास प्रक्रियामा सबै वर्ग, क्षेत्र, लिंग र समूदायको समान सहभागिता कायम गर्न सकेमा मात्र दीगो विकासको अवधारणालाई मूर्त रुप दिन सकिन्छ भनेर नै चालु वर्षका कार्यक्रमहरूमा स्थानीय महिला समुह सञ्जाल आदिको गठन र परिचालन कार्य लक्षित वर्ग पहिचान आदिवासी जनजाति अपांग उपेक्षित वर्ग र समूदाय पहिचान र तीनिहरुकै सहभगितामा कार्यक्रम कार्यान्वयनको थालनीले समाजमा सकारात्मक प्रभाव परेकोले यस कार्यलाई पनि निरन्तरता दिन आवश्यक छ ।

"**तामाकोशी गाउँपालिकाको समृद्धिको आधार,कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, जलश्रोत तथा पूर्वाधार**" भन्ने मूल नारालाई आत्मसात् गर्दै यस वर्षको नीति तथा कार्यक्रम अगाडि बढाइनेछ । "नागरिक सन्तुष्टि एवं सुख अभिवृद्धि" को मूल ध्येयकासाथ चुस्त र दुरुस्त ढंगले नागरिक प्रशासन सञ्चालन गरिनेछ । आगामी आर्थिक वर्षलाई "**समृद्ध, आधुनिक, र सुन्दर गाउँपालिका**" निर्माणको आधार वर्षको रुपमा लिइनेछ ।

आगामी आर्थिक वर्षमा दीगो विकास लक्ष्य, नेपाल सरकारको चालु आवधिक योजना, बागमती प्रदेशको चालु आवधिक योजना र तामाकोशी गाउँपालिकाले लिएका लक्ष्यहरु कार्यान्वयनको दरिलो आधार खडा गरिनेछ ।

<u>स्वास्थ्य,सरसफाई तथा पिउने पानी सम्बन्धी नीति</u>

१. पालिका भित्र वसोवास गर्ने ४० वर्ष माथिका दिर्घ रोगी नागरिकहरुको औषधी खरिदमा पालिकाबाट ५० प्रतिशत रकम भुक्तानीको व्यवस्था गरिने छ ।
२. मालुस्थित तामाकोसी अस्पताललाई वीमा कार्यक्रम सञ्चालनको लागि व्यवस्थित गर्दै वीमाको पहिलो विन्दुको रुपमा सञ्चालन गरिने छ ।
३. तामाकोशी अस्पतालमा आवस्यक पर्ने उपकरण सहित फार्मेसी सेवालाई व्यवस्थित गरिने छ ।
४. पालिका भित्र वसोवास गर्ने सम्पुर्ण जनसमूदायलाई अनिवार्य स्वास्थ्य विमा सेवामा सबैको पहूँच पुऱ्याउने लक्ष्य सहित सबै नागरिकको स्वास्थ्य बीमामा पहूँच सुनिश्चित गरिनेछ । ज्येष्ठ नागरिक, एकल महिला, दलित, विपन्न नागरिक तथा अल्पसंख्यक समूदायलाई पारिवारिक स्वास्थ्य बीमा गराउन विषेश प्रोत्साहन उपलब्ध गराइनेछ ।
५. वडा तहमा निष्कृय रहेको विमा कार्यक्रमलाई सक्रिय पार्न वडा कार्यालयमा नै विमा गर्ने व्यवस्था मिलाइने छ ।
६. पालिकाका सबै जनतालाई सर्वसुलबभ एम्बुलेन्स सेवा उपलब्ध गराउन तामाकोशी अस्पतालमा एम्बुलेन्सको व्यवस्थापन गरिनेछ ।
७. तामाकोशी ग्रामिण आँखाकेन्द्रलाई व्यवस्थित गर्दै वडा तहमा शिविर सञ्चालन गर्ने संघ-संस्थाहरुसंग साझेदारी गरि कार्यक्रमलाई अझ उत्कृष्ट पार्दै लगिने छ ।
८. शिक्षा क्षेत्रसँग स्वास्थ्य सेवालाई आबद्ध गर्न एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रभावकारी बनाउँदै स्वास्थ्य शिक्षालाई प्रभावकारी बनाउँदै लगिने छ ।
९. जेष्ठ नागरिक तथा विकलाङ्ग नागरिकहरुको स्वास्थ्य उपचार घरदैलो कार्यक्रमलाई व्यवस्थित गर्दै निरन्तर सञ्चालन गरिने छ ।

१०. "रक्तदान जीवनदान" भन्ने मुल नारालाई सार्थक पार्न हरेक वर्ष संघिय लोकतान्त्रीक गणतन्त्र दिवशका दिन नेरेसो दोलखा र तामाकोशी गाउँपालिकाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम सञ्चान गरिनेछ ।

११. तामाकोशी गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका घोषणाको लागि वडा स्तरिय बिभिन्न कार्यक्रम सञ्चान गरिने छ।

१२. महिलाहरुमा देखिने पाठेघरको क्यान्सर, आङ खस्ने तथा स्तन क्यान्सर समस्यालाई न्युनीकरण गर्न विशेषज्ञ स्वास्थ्य शिविर निरन्तर सञ्चालन गरिनेछ ।

१३. बालबालिकाहरुको स्वास्थ्य समस्या समाधान गर्न आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१४. जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सूर्तीजन्य पदार्थ, मदिरा तथा अखाद्य वस्तुहरुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन गर्न आवस्यक पहल गरिने छ ।

१५. सुरक्षित मातृत्वका लागि ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमलाई व्यवस्थित गर्दै लगिनेछ ।

१६. स्वास्थ्य चौकीहरुमा हुन नसक्ने वा जटिल प्रकृतिका गर्भवती तथा सुत्केरीहरुलाई प्रेषण वापत एकतर्फी एम्बुलेन्स खर्च प्रदान गरिने छ ।

१७. सुत्केरी महिलाहरुलाई पोषणयुक्त खाना वापत दिइँदै आएको नगद अनुदान कार्यक्रम निरन्तरता दिईनेछ ।

१८. सुत्केरी भए पश्चात हुने अवान्छित संक्रमण रोक्न ३ र ७ दिनमा स्वास्थ्य जाँच गर्न घरघरमै नर्सिङ स्वास्थ्यकर्मी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. यस तामाकोशी गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणाका लागी आवश्यक कार्यक्रम अगाडि बढाउन पहल गरिने छ ।

२०. गम्भीर प्रकृतिको रोगको उपचारमा सहयोग पुर्याउन विपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष मार्फत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२१. सुत्केरी भए पश्चात हुने अवान्छित संक्रमण रोक्न ३ र ७ दिनमा स्वास्थ्य जाँच गर्न घरघरमै नर्सिङ स्वास्थ्यकर्मी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२२. यस तामाकोशी गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणाका लागी आवश्यक कार्यक्रम अगाडि बढाउन पहल गरिने छ ।

२३. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई खाजा, यातायात तथा सञ्चार खर्चको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको उमेर समूह ६० वर्ष माथिका रहेकाहरुको सम्मानजनक विदायी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. स्वास्थ्य चौकीहरुबाट सञ्चालन भईरहेको सेवाहरुबारे सामाजिक परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६. विभिन्न सरुवा रोग तथा मानसिक रोग नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२७. परम्परागत पानी, पोखरी, ढुँगेधारा र मूलको संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरी भौगालिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ ।

२८. नकुहिने फोहोरको दिगो व्यवस्थापनका लागि उपयुक्त स्थल पहिचान गर्न सम्भाव्यता अध्ययन गरि गाउँपालिकालाई प्लाष्टिक मुक्त बनाउने अभियान सञ्चालन गरिनेछ ।

२९. गाउँपालिकालाई पूर्ण सरफाईयुक्त गाउँपालिका बनाउनका लागि हरेक वडामा मेरो घर सफा घर, हाम्रो विद्यालय सफा विद्यालय अभियान सञ्चालनमा ल्याइनेछ । "हाम्रो स्वास्थ्य हाम्रो सरोकार मैले नगरे कस्ले गर्ने" अभियान सञ्चालनमा ल्याई स्वास्थ्य सम्बन्धी जनचेतनात्मक कार्य अगाडि बढाइनेछ ।

३०. पालिका स्तरका हरेक स्वास्थ्य चौकीमा दुइपाङ्ग्रे सवारिको व्यवस्थापन गर्दैलाने व्यवस्था गरिने छ ।
३१. स्वास्थ्य संस्थाहरुमा सञ्चालित प्रयोशालाहरुलाई व्यवस्थित गर्दै रोग पहिचानमा निरन्तरता दिईनेछ ।
३२. आर्युवेदिक औषधालय (नागरिक आरोग्य केन्द्र) लाई व्यवस्थित गरि घुम्ती सेवाको रुपमा वडा स्तरमा विस्तार गरिने छ ।
३३. दिर्घरोगीहरुले सेवेन गर्दै आएको औषधीहरुको पहिचान गरि आवस्यक्ताको आधारमा खरिद तथा वितरण कार्यक्रमलाई व्यवस्थित गर्दै लगिने छ ।
३४. संघिय सरकार,प्रदेश सरकार तथा संघ-संस्थाहरुसँग साझेदारी कार्यक्रम मार्फत एकिकृत शिविर तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
३५. सामुदायि स्वास्थ्य साझेदारी कार्यक्रम निरन्तर सञ्चालन गरिने छ ।

**<u>कृषि,सिँचाई तथा पशु विकास सम्बन्धी नीति</u>**

१. कृषि तथा पशुपन्छी विकासको लागि आवश्यक पर्ने जनशक्ति स्रोतको सुनिश्चित गर्दै एक वडा एक कृषि तथा पशु प्राविधिकको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
२. गुणस्तरीय बिउ तथा बेर्नामा पालिकालाई आत्मनिर्भर बनाईनेछ ।
३. व्यवसायिक तथा निर्वाहमूखी किसान पहिचान गर्दै फरकफरक किसिमको कार्यक्रम तर्जुमा गर्दै निर्वाहमुखी किसानलाई व्यवसायिक तर्फ उन्मुख गरिनेछ ।
४. वडागत रुपमा कृषि बालीको हव (production centre) तोकी एक वडा एक उत्पादनको अवधारण बढाइनेछ।
५. स्थानीय तहबाट कृषि उपजको न्यूनतमन मूल्य तोकी सहकारीमा आवद्व गर्दै कृषि उपज संकलन केन्द्रमार्फत बजारीकरण गरिनेछ ।
६. रासायनिक मलको विक्रि वितरणलाई व्यवस्थित गर्दै मल ढुवानीमा अनुदान दिने व्यवस्था गरिनेछ ।
७. बाली तथा माटो परीक्षण शिविर सञ्चालन गर्दै प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन दिइनेछ ।
८. एक पटक कृषि तथा पशुपन्छी सम्बन्धी अनुदान प्राप्त गरेको कृषि फर्म/कृषक समूह/कृषकहरुलाई आगामी दुई आर्थिक वर्षसम्म कुनै पनि किसिमको अनुदान दिइनेछैन ।
९. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायीकरण गर्न यान्त्रिकरणमा जोड दिइनेछ ।
१०. नेपाल सरकारवाट सूचीकृत सीमाविहिन महामारीजन्य रोगहरु जस्तै लम्पीस्कीन, खोरेत, रेविज, पि.पि.आर, स्वाइन फिबर, बर्ड फ्लु जस्ता रोग नियन्त्रण गर्नका लागि समयमा नै खोपको व्यवस्था गरिनेछ ।
११. दुध उत्पादन र उत्पादकत्वको वृद्धि तथा पशुहरुलाई स्वस्थ राख्नको लागि हरियो घाँसमा जोड दिईनेछ ।
१२. पशु विकास शाखाको सेवा नपुगेको बस्तीहरुमा घुम्ती शिविर मार्फत पशुपंक्षीहरुको उपचार गरिनेछ ।
१३. पशुपंक्षीहरुमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि नश्ल सुधार गरिनेछ ।
१४. पशुपन्छीहरुमा फैलने विभिन्न रोगहरुको छिटो पहिचान गरी उपचार गर्न पशुपन्छीहरुको विभिन्न नमुना संकलन तथा परीक्षण गर्नको लागि ल्याबको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।
१५. पशुपंछी पालनमा आधुनिक प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
१६. पशुपंछी पालक कृषकहरूलाई प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१७. दुग्ध उत्पादनको वृद्धि तथा कृषकहरुलाई अभिप्रेरित गर्न दुग्ध उत्पादनको आधारमा उपलब्ध गरिने अनुदानलाई समयानुकूल बृद्धि गरिनेछ ।
१८. अनुदान तथा सुलभकर्जा सुविधाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

१९. पोषणयुक्त आहार र आधुनिक खोर गोठको व्यवस्था गर्न स्थानीय स्रोतहरूको उपयोग गर्दै आहारा व्यवस्थापन गरिनेछ ।

२०. उत्पादनहरूको उचित मूल्य सुनिश्चित गर्दै बजारको व्यवस्थापन गरिनेछ ।

२१. बजार पहुँचको लागि यातायात र भण्डारण सुविधाहरूको खोजी गरिनेछ ।

२२. स्थानीय र दुर्लभ प्रजातिका पशुपंछीहरूको संरक्षण र संवर्धनमा जोड दिईनेछ ।

२३. आनुवंशिक विविधताको संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२४. समूह/सहकारी साझेदारी कार्यक्रमहरु सन्चालन गरिनेछ ।

२५. पशुपन्छी हरुको पकेट क्षेत्र निर्धारण गरी कार्यक्रमहरु सन्चालन गरिनेछ ।

२६. चिसो पेयपदार्थलाई प्रतित्थापन गर्न दही तथा महीको प्रयोगलाई बढावा दिइनेछ ।

<u>**शिक्षा सम्बन्धी नीति**</u>

१. गाउँपालिकाको शैक्षिक बिकासलाई गतिशिलता प्रदान गर्न शैक्षिक विकासको मेरुदण्ड मानिने "गाउँ शिक्षा योजना" यस चालु आ.व.मानै निर्माण गरि सोको आधारमा पालिकास्तरीय शैक्षिक नीति र कार्यक्रममा एकरुपता ल्याउने र बार्षिक शैक्षिक पात्रो प्रकाशन तथा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न नतिजामा आधारित शैक्षिक अनुदान कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिकहकलाई व्यवहारमा कार्यान्वयन गरि शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थ व्यवस्था निर्माणमा केन्द्रितगर्दै शिक्षामा सबैको सहज एवं समतामुलक पहूँच र निरन्तरता सुनिश्चत गर्न तथा शिक्षालाई सर्वव्यापी, जिवनोपयोगी, प्रतिस्पर्धी, सीपयूक्त र गुणस्तरयुक्त बनाउनुको साथै आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क बनाउन कक्षा (०-८) मा अध्ययनरत विद्यार्थीलाई शिक्षण सिकाई सामग्री, पठन सामग्री, अभ्यास सामग्री, दिवाखाजा, पोशाक र उच्चस्तरको छात्रवृत्तिको व्यवस्था गर्न थप रकम सुनिश्चित गरिनेछ ।

३. शैक्षिक गुणस्तर सुधारको प्रमुख सूचक परीक्षा संचालन तथा मूल्यांकन प्रणाली व्यवस्थित गर्न गाउँपालिका स्तरीय परीक्षा संचालन समिति लाई थप प्रभावकारी वनाई सिकाई उपलब्धिदर अभिवृद्धि गर्न विषयगत समितिहरुको क्षमता विकास तथा अतिरिक्त कक्षा संचालनको लागि शिक्षकहरुलाई थप तालिम तथा प्रोत्साहित गरिनेछ ।

४. गाउँपालिका भित्र सञ्चालित आधारभूत तथा माध्यमिक विद्यालयहरुमा वालक्लवहरु गठन तथा पुन्र गठन गरि सरसफाई, स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, बगैचा निर्माण तथा सामाजिक सचेतनामूलक कार्यक्रम संचालन प्रक्रियालाई थप प्रभावकारी वनाई उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

५. प्रारम्भिक बालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाईलाई ध्यान दिई फर्निचर, सिकाई सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्री सहित आकर्षक र सूचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने कार्यलाई थप प्रभावकारी वनाइने छ ।

६. साक्षरता तथा निरन्तर सिकाई शिक्षा कार्यक्रम मार्फत प्रविधिमा आधारित शिक्षालाई सीपसँग आवद्ध गर्न गाउँपालिकाका भित्र संचालित सामुदायिक सिकाई केन्द्रहरुलाई आर्थिक तथा भौतिक पूर्वाधारबाट सम्पन्न गराई साक्षरता शिक्षा, निरन्तर शिक्षा अभिभावक शिक्षा, सीपमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

७. वार्षिक रुपमा शिक्षक दरबन्दी तथा विषयगत मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाइनेछ। उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने एवं कक्षा थपघट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. विद्यालयहरुलाई थप मर्यादित, अनुशाशित एवं व्यवस्थित बनाई शैक्षिक विकासमा सघाउन गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिहरुलाई थप जिम्मेवार बनाइनेछ। शिक्षक, विद्यार्थी, अभिभावक र सम्वन्धित पक्षसंग सुमधुर सम्वन्ध बनाउन शिक्षक, विद्यार्थी तथा अभिभावकहरुसंग अन्तरकृया कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. गाउँपालिकाभित्र रहेका बिद्यालयहरुबीच शैक्षिक अनुभव, असल शैक्षिक अभ्यास, व्यवस्थापन तथा सुशासनको अभ्यासलाई आदान प्रदान गर्न अन्तर विद्यालय अवलोकन र नमुना शिक्षण, अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप संचालन तथा तहगत शैक्षिक सामग्री तथा विज्ञान प्रदर्शनी संचालन कार्यलाई निरन्तरता दिइनेछ ।

१०. प्रधानाध्यापक,शिक्षक,प्रारम्भिक बाल बिकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई छोटो तथा लामो अवधिको तालिम प्रदान गरी थप ज्ञान,सिपको विकास गराई व्यवस्थापन तथा शिक्षण सिकाई सहजीकरण प्रक्रियालाई प्रविधिमैत्री बनाउँदै गाउँपालिकाको शैक्षिक विकासमा क्रियाशिल बनाउन क्षमता बिकासको तालिमद्वारा प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ।साथै सामुदायिक विद्यालयको समग्र शैक्षिक सुधारको लागि गतिशिल, प्रबिधिमैत्री र क्षमतावान शिक्षकलाई बिद्यालयको प्रशासकीय र व्यवस्थापकीय नेतृत्व प्रदान गर्ने कार्यलाई आवश्यक समन्वयका आधारमा व्यवस्थित वनाउँदै लगिनेछ ।

११. खेलकूदको माध्यमबाट सक्षम र अनुशासित नागरिक उत्पादनमा सहयोग पुऱ्याई खेल क्षेत्रको विकासमा सहयोग गर्न गाउँपालिका स्तरीय खेलकुद बिकास समितिको कार्यालय व्यवस्थापन पालिका स्तरीय क्लवहरुवीच विभिन्न प्रतियोगिता संचालन तथा राष्ट्रपति खेलकूद प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ।साथै विश्व स्काउटको सिद्धान्त, मूल्य र मान्यताका साथै नेपाल स्काउटको ऐन, नियम तथा राष्ट्रिय प्रधान कार्यालयका नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि स्थानीय स्काउट कार्यालयलाई आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

१२. बिषयगत शिक्षक व्यवस्था गरी गुणस्तरीय शिक्षाको प्रत्याभूती गर्न संचालित विद्यालय शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिदै रिक्त शिक्षक पदमा शिक्षक पदपुर्ति गर्ने कार्यलाई अझै व्यवस्थित गरिनेछ ।

१३. बालबिकास, विद्यालय कर्मचारी तथा सहयोगीहरुको न्यूनतम पारिश्रमिकलाई समसामायिक वनाउन पहल गरिनेछ ।

१४. सामुदायिक विद्यालयप्रति आम अविभावकको अपनत्व, विद्यार्थी सहभागिता अभिवृद्धि तथा अध्ययनरत सम्पूर्ण विद्यार्थीको बिद्यालय शिक्षा पछिको उच्च शिक्षामा पहूँच सुनिश्चिताको लागि विद्यार्थी सहयोग बचत अभियान कायक्रमलाई थप प्रभावकारी वनाई निरन्तरता दिइनेछ ।

१५. शिक्षकहरुको मनोबल उच्च बनाई शिक्षण पेशाप्रति अभिरुचि जगाउन नियमित प्रधानाध्याकहरुसँगको मासिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।र प्र.अ. भत्ता प्रोत्साहन रकमलाई समसामयिक वनाइनेछ ।

१६. पालिका स्थित सम्पूर्ण विद्यालयहरुको वृहत्तर विकासको साथै कार्यक्रम कार्यान्वयन र शिक्षण सिकाइमा सहयोग गर्न प्रभावकारी ढङ्गले सूचकमा आधारित अनूगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

१७. स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई गर्ने कार्यलाई अगाडी वढाइनेछ ।

१८. शैक्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न विद्यमान शिक्षा ऐन तथा कार्यविधिहरुमा आवश्यक संशोधन गरि नीतिगत सुधार गरिनेछ ।

१९. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमा उद्यमशिलता, स्वावलम्बन तथा व्यवसायिक सोच विकास गरि आत्म निर्भर बनाउन विद्यालयहरुमा career counselling (आजिविका परामर्श) कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

२०. ठूला सुविधायुक्त विद्यालयहरुको विकास गर्नका लागि यसै वर्षदेखि छनोट भएका  विद्यालयहरुलाई थप पूर्वाधार विकासका लागि कार्यक्रममा आधारित प्रोत्साहन रकम उपलव्ध गराइनेछ ।

२१. विद्यालय वस सञ्चालनमा प्रभावकारी व्यवस्थापन गरिने छ ।

२२. कक्षा ६-१२ मा समेत अध्ययनरत विद्यार्थी तथा शिक्षक, कर्मचारीलाई दिइदै आएको दिवा खाजा कार्यक्रमलाई थप रकम सहित निरन्तरता दिइनेछ ।

२३. अंग्रेजी, गणित, विज्ञान र सूचना प्रविधि सम्बन्धी विषयको शैक्षिक जनशक्तिको अभावलाई न्यूनिकरण गर्न प्रत्येक विद्यालयमा प्रत्येक वर्ष कम्तिमा एक/एक जनालाई स्नातक तहको अध्ययनको लागि आर्थिक सहयोग उपलव्ध गराई शिक्षक उत्पादन कार्यलाई निरन्तरता दिइनेछ ।

२४. विद्यार्थी छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।

२५. संस्कार सहितको शिक्षा भन्ने नारालाई स्थापित गर्दै त्यसका लागि योग, ध्यान, मार्शलआर्ट, शारीरिक संगठन, मानसिक स्वास्थ्यको सवलीकरण जस्ता गतिविधि संचालन गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

२६. विद्यालय दिवाखाजा कार्यक्रममा प्रयोग हुने खाद्यसामग्री स्थानीय स्तरमानै उत्पादन प्रयोग गर्न प्रोत्साहित गरिनेछ। त्यसका लागि एक स्थानवाट अर्को स्थानसम्म ढुवानी गर्नुपर्दा पालिकास्तरवाट समन्वय गरिनेछ ।

२७. नतिजामा आधारित विद्यालय शिक्षकलाई दिने अनुदानलाई निरन्तरता दिईनेछ ।

२८. प्रत्येक समुदायको संस्कृति संरक्षणका लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२९. राष्ट्रिय स्तरमा समेटिएको “पढ्दै कमाउँदै” कार्यक्रमलाई क्रमशः पालिका स्थित माध्यमिक विद्यालयहरुमा क्रमशः लागू गरिनेछ ।

## सडक यातायात तथा पुर्वाधार विकास सम्बन्धी नीति

१. आगामी आर्थिक वर्षभित्रमा गाउँपालिका क्षेत्र भित्र रहेका सडक, खानेपानी पाइपलाइन, सडक बत्ति, टेलिफोन लगायतका सबै भौतिक पूर्वाधारहरुलाई थप व्यवस्थित गरी "एक वडा एक सडक" का रुपमा प्रभाविकारी रुपमा अगाडि बढाइनेछ ।

२. गाउँपालिका भित्रको यातायातलाई बाह्रै महिना सञ्चालन गर्न सकिने गरी सडकको स्तरोन्नति गरिनेछ । उपभोक्ता समिति मार्फत कार्यन्वयन हुने योजनाबाट कट्टा गरिएको मर्मत संभारको रकमलाई परिचालन गर्न गाउँपालिकामा एक “मर्मत सम्भार तथा व्यवस्थापन कोष" स्थापना गरी बाढी, पहिरो तथा प्रकृतिजन्य प्रकोपबाट भएको क्षतिले सडकहरुको मर्मत संभार गर्नुपर्ने आकस्मिक अवस्थामा उल्लेखित “मर्मत सम्भार तथा व्यवस्थापन कोष" बाट खर्च गर्ने गरी कार्य सम्पादन गरिनेछ ।

३. ग्रामीण सडकको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास गरी स्तरोन्नति गरिनेछ। पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिनेछ।

४. गाउँपालिकाका सडकहरुमा सडक श्रृखला (Road Chainage) निर्माण गरिनेछ । सडकको जग्गा कित्ता काट गर्ने कार्यको सुरुवात गरिनेछ। सडकको चौडाई, घुम्तिको दुरी **Road** को **Grade** व्यवस्थापनका लागि इन्जिनियरिङ मापदण्ड अनुसार कार्यान्वयनको व्यवस्था मिलाइनेछ। सडकको दायाँ बायाँ गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ।

५. गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ ।

६. सहभागितामूलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि आवश्यक समपुरक कोष (**Matching Fund**) मा थप बजेटको व्यवस्था गर्न पहल गरिनेछ ।

**भवन तर्फः**

७. गाउँपालिका भित्र भूकम्प प्रतिरोधी घर निर्माणका लागि अनिवार्य गरिनेछ ।

८. गाउँपालिका भित्र आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण र निर्मित घरहरुको अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९. गाउँपालिका अन्तर्गत प्रत्येक वडामा सम्पन्न भएका योजनाहरु हस्तान्तरण गरी गुणस्तरियता कायम राख्नका लागि मर्मत संभार कोषबाट मर्मतको व्यवस्था गरिनेछ ।

१०. गाउँपालिकामा निर्माणधीन १० शैयाको आधारभुत अस्पताल सम्पन्न भईसकेकोले तत्काल सञ्चालनमा ल्याईनेछ।

११. गाउँपालिकाको नयाँ प्रशासकीय भवनको डिपिआर तयार गरी निर्माण कार्य अघि बढाइनेछ ।

१२. जफे मालु शहरे च्यामाँ हावा जिरी सडक मर्मत गरिनेछ ।

१३. भिरकोट झुले छौडें सडक कालो पत्रे गर्नको लागि पहल गरिनेछ ।

१४. मानेडाँडा छौडे देउराली कालिका मा.वि. सडक, किर्नेबेसी किर्नेगाउँ कल्लेरी मानेडाँडा सडक र झुले गैरीवेसी भिरकोट वडा कार्यालय सडकको स्तरोन्नती प्रदेश सरकार तथा पालिकाको समपुरक कोषवाट सम्पन्न गरिनेछ।

१५. मालुखोला डाँडागाँउ फ्यातल सडक र जालपादेवी आत्मरा हुदैं देउराली गाढी हल्लिनेढुङ्गा पदमार्गलाई संघीय सरकार र पालिकाको समपुरक कोषवाट सम्पन्न गरिनेछ ।

**अन्यः-**

१६. प्राविधिक कर्मचारीहरुको सीप विकासको लागि कम्प्युटर तथा सार्वजनिक खरिद ऐन सम्बन्धी तालिमको आवश्यकता महसुस गरी तालिम दिने व्यवस्था मिलाइनेछ ।

१७. पूर्वाधार विकास समिति लगायत पूर्वाधार शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई नयाँ संरचनाहरुको अवलोकन गर्न एक हप्ता भ्रमणको कार्यक्रम राखिनेछ ।

**पद मार्गः-**

१८. गाउँपालिकाभित्र अति आश्यक रहेका पर्यटकीय पदमार्गको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१९. जल्पादेवी-कालिदेवी-देउरालीगढी हल्लिनेढुङ्गा सम्मको पदमार्गलाई प्रचार प्रचार गरि आन्तरिक पर्यटकलाई आकर्षण गरिनेछ।

२०. पाँच लाख भन्दा माथिका योजनाहरु (Heavy Eqiupment) प्रयोग हुने खालका योजनाहरू ठेक्का मार्फत गराईनेछ।

२१. सात वटै वडाहरूको मुल ठाउँमा एक ढुङ्गे धाराको निर्माण गरिनेछ ।

२२. सात वटै वडामा रिचार्ज पोखरीको निर्माण तथा पुनर्स्थपन गरिनेछ।

२३. सात वटै वडाको ग्रामीण सडकमा नाला तथा सडक मर्मतको लागि हेरालुको व्यवस्था गरिनेछ ।

२४. तामाकोशी गाउँपालिका अन्तर्गत संघ तथा प्रदेश सरकारवाट संचालन भएका योजनाहरू गाउँपालिकावाट अनुगमनको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

२५. एक घर एक धाराको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६. गाउँपालिका अन्तर्गतका सवै सरकारी भवनहरु सरकारी मापदण्ड अनुसार रङ्ग लगाई गुणस्तर कायम गरिने छ।

**वन व्यवस्थापन तथा भू संरक्षण सम्बन्धी नीति**

१. गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दीगो उपयोग र संरक्षणको नीति अवलम्बन गरिनेछ ।
२. पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
३. उपयुक्त सार्वजनिक स्थलमा बृक्षरोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। पहिरोको जोखिम तथा भुक्षय ग्रस्त क्षेत्रहरुमा बाँस, लगायत अन्य उपयुक्त विरुवा रोप्नु संरक्षण एवं उपयोग कार्यमा न्यून आय भएका व्यक्ति, भूमिहिन किसान तथा अल्पसंख्यकको सहभागीतालाई बढावा दिईनेछ ।
४. गाउँपालिका स्तरीय वन उपभोक्ता महासंघ समितिको सहकार्य र समन्वयमा गाउँपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिको आर्थिक कारोबार पार्दशिता साथै वार्षिक लेखापरिक्षण प्रतिवेदन गाउँपालिका समक्ष पेश तथा वनको सुरक्षा तथा संरक्षण र बृक्षारोपणको लागि आवश्यक पहल गरिनेछ।
५. सामुदायिक वन क्षेत्रमा गाउँपालिकाको समन्वयमा सम्भाव्य जडिबुटिको व्यवसायिक खेति गर्न प्रोत्साहन गरी स्थानीय तहमा नै प्रशोधन उद्योग स्थापनाको लागि सहुलियतपुर्ण कर्जा र बजारिकणको लागि आवश्यक नितिगत पहल गरिनेछ ।
६. सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकामा सूचीकृत गर्ने व्यवस्था गरी सम्बन्धित समितिलाई क्षमता विकास तालिमको लागि आवश्यक पहल गरिनेछ ।
७. सार्वजनिक स्थानमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइ पहिरो जोखिम तथा भुक्षयग्रस्त क्षेत्रहरुमा बृक्षरोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।
८. उत्पादनमुलक रोजगारी र हरियाली गाउँपालिका भन्ने नाराकासाथ गाउँपालिकास्तरको नर्सरी स्थापना गरिनेछ।
९. खेरजाने वन पैदावरबाट कागज उत्पादन एवं वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ। हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
१०. खाली भएको क्षेत्रमा वृक्षरोपण गर्ने र डढेलो नियन्त्रमा सचेतना कार्यक्रम सन्चालन गरिनेछ ।

**<u>आर्थिक विकास सम्बन्धी नीति</u>**

१. उपलब्ध स्रोत साधनको महत्तम रुपमा परिचालन गरी दिगो आर्थिक विकासतर्फ अग्रसर रहने कार्यको शुरुवात गरिनेछ ।
२. आर्थिक विकासद्धारा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने कार्यको थालनी गरिनेछ ।
३. समाजका हरेक पक्षको आर्थिक सामाजिक रुपान्तरणका लागि अपेक्षित उपलब्धि हासिल गर्न उपलब्ध स्रोत साधनको समुचित उपयोगको नीति अवलम्बन गर्दै स्थानीय स्तरमा खेर गईरहेको श्रमलाई उत्पादनमा जोड्ने एवं हाते सिपमुलक लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४. व्यवसायिक क्षेत्रमा लाग्न चाहने युवाहरुलाई आधारभुत तालिम, यन्त्र, उपकरण सहयोग तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
५. पूर्ण रोजगारको अवस्थामा नरहेका यूवाहरुलाई उद्यमशील बन्न स्वरोजगारमुखी सीप र प्रस्तावपत्रको आधारमा वीऊ पूँजीको स्थापना गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ ।
६. गाउँपालिकाभित्र उत्पादनमुलक व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
७. स्थापित र सञ्चालित कृषि उपज केन्द्रहरुलाई विक्रि केन्द्रको रुपमा विकसित गरिनेछ ।

८. गाउँपालिका स्तरमा एक औद्योगिक क्षेत्र स्थापनाका लागि उपयुक्त स्थल पहिचान गरी आवश्यक तयारी अगाडि बढाइनेछ।

**संस्कृति पर्यटन कला तथा साहित्य सम्बन्धी नीति**

१. स्थानीय समुदायहरुद्धारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य सामाग्रीको बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाईनेछ ।
२. गाउँपालिका भित्रको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै जातिय तथा धार्मिक सम्प्रदायका बीच सहिष्णुताको थप प्रवर्द्धन गर्न सामाजिक — साँस्कृतिक बहुलवादको नीति अवलम्बन गरिनेछ ।
३. पर्यटनलाई गरीबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
४. पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध क्रियाकलाप र गतिविधि अपनाइने छ ।
५. ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको अभिलेखिकरण, संरक्षण, संवर्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
६. नेपाली भाषा, साहित्य, कला, स्थानीय भाषा एवं संस्कृतिको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
७. गाउँपालिका सरहद भित्र रहेका देउरालीहरु, पोखरीहरु, ऐतिहासिक गढी, मठमन्दिर, घाटहरु, चर्च, गुम्बा जस्ता साँस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
८. हरेक वडामा रहेका साँस्कृतिक सम्पदाको पहिचान गरी तिनीहरुलाई सांस्कृतिक—पर्या—पर्यटन क्षेत्र (Eco-Cultural Tourism Hub) को रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
९. स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि निर्मित जातिय संग्रहालयहरुलाई सञ्चालनमा ल्याई अन्य निर्माण कार्यलाई निरन्तरता दिइनेछ । आदिवासी जनजाति एवं अल्पसंख्यक समूदायको बाहुल्यता रहेको क्षेत्रमा होम स्टे सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।
१०. सितापाइला—देउराली—घोरनागी, हल्लिने ढुङ्गा क्षेत्रलाई रामायण सर्किट अन्तर्गत पर्ने जनकपुर—हनुमन्ते — गौरिशंकर हिमालसँग गाँसी पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल गरिनेछ ।
११. जालपादेवी मन्दिर-आत्मारा-पिपलडाँडाँ हुँदै कालिदेवी मन्दिर-देउराली हल्लिनेढुङ्गा पदमार्गलाई व्यवस्थित रुपमा विकास गर्दै लगिने छ ।

**युवा तथा खेलकुद सम्बन्धी नीति**

१. पुस्तौदेखि अङ्गिकार गरिएका परम्परागत पेसा जगेर्ना र प्रवर्द्धन गरी क्रमशः व्यवसायीकरण गर्ने कार्यमा युवाशक्ति परिचालन गरिनेछ ।
२. युवा लक्षित व्यवसायलाई प्रवर्द्धन गर्न सहकारीको माध्यमबाट सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ ।
३. युवा क्लबलाई प्रोत्साहन गरी सामाजिक तथा आर्थिक विकास एवम् कार्यमा युवाशक्तिलाई परिचालन गरिनेछ।
४. स्थानीय प्रतिभाशाली खेलाडीहरुलाई प्रोत्साहन गर्न प्रशिक्षण तथा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।
५. समाजमा विद्यमान सामाजिक भेदभाव तथा अमानवीय क्रियाकलापको अन्त्यका लागि युवा परिचालन गर्न स्थानीय संस्था, गैरसरकारी संस्थासँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. युवाहरुमाझ अनुशासित, मर्यादित, मुलुकप्रति सकारात्मक सोच र सुनौलो भविष्यको योजना सहितको भावना जागृत गराउन जीवन वृत्ति परामर्श केन्द्र (Career Counselling Center) स्थापना गरिनेछ ।

७. लागु औषध, दुर्व्यसनिमा लागेका युवाहरुलाई सो दुर्व्यसनीबाट छुटाउन मनोपरामर्श समेतको व्यवस्था गरी आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

८. युवाहरुमा उद्यमशिलता विकास, नेतृत्व विकास एवं समाजप्रतिको उत्तरदायित्ववोध गराउन तालिम, अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।

९. युवाहरुको समूह, अध्येता वा विशेष अध्ययन अनुसन्धान केन्द्रहरुलाई सिपमुलक कार्यक्रम तथा स्थानीय रोजगारको प्रवर्द्धन गर्दै लघु उद्यम शुरु गर्न प्रोत्साहन, अनुदान एवं सहुलियत ऋण प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१०. पालिका भित्र निर्माणाधीन खेलमैदानहरुलाई व्यवस्थित गर्दै लगिनेछ ।

११. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई स्थानिय तहमा रोजगारी सृजना गर्न बिशेष पहल गरिने छ ।

## सूचना प्रविधि सम्बन्धी नीति

१. योजना, राजश्व संकलन, न्यायिक समिति व्यवस्थापन, सिफारिस तथा वडा र गाउँपालिकाबाट उपलब्ध गराईने सिफारिस सम्बन्धी कार्यक्रमलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन सफ्टवेयरहरूको व्यवस्था गरिनेछ ।साथै सञ्चालनमा रहेका सफ्टवेयरहरुलाई निरन्तर सञ्चालन र अद्यावधिक गरि सञ्चालन गरिनेछ ।

२. तामाकोशी गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन, सेवा प्रबाहलाई सरल, सुलभ र सर्वसाधरणको पहुँचयोग्य बनाउन तामाकोशी सर्भिस पोर्टल (Tamakoshi Service Portal -TSP) निर्माण गरि लागु गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३. सबै वडाका मुख्य स्थानहरुमा शौर्य बत्तीको व्यवस्था, सञ्चालनमा नरहेका शौर्य बत्ति, कम्प्युटर, प्रिन्टर, सोलार लगायतका उपकरणहरुको आवश्यक मर्मत संभार गरिनेछ र मुख्य सार्वजनिक स्थलहरूमा CCTV Camera जडान गरी सुरक्षा निगरानी हुने व्यवस्थालाई थप मजवुद बनाइनेछ ।

४. गाउँपालिका मातहतका कार्यालयमा सूचना प्रविधि शाखा अन्तरगत Electrical & Networking Support का लागि अपरिहार्य रहेको जनशक्तिको व्यवस्था गरिनेछ ।

५. गाउँपालिकाको सबै सरकारी कार्यालयहरुमा जडान भएको इन्टरनेट सेवा चुस्त दुरुस्त बनाउन आवश्यक पूर्वाधारका साथै वैकल्पिक इन्टरनेट सेवाको व्यवस्थापन गरिनेछ ।

६. जनप्रतिनिधि, कर्मचारी, विद्यालय र संघसंस्थाका कर्मचारीहरुलाई डिजिटल साक्षरता (Digital Literacy) र साइबर सुरक्षा (Cyber Security) अभिबृद्धि अभियानमार्फत व्याप्त Digital Divide को न्यूनिकरण गर्नका लागि सूचना प्रविधिसम्बन्धी तालिमका कार्यक्रमहरु सञ्चालनलाई गरिनेछ ।

७. गाउँपालिकाभित्रका सम्पूर्ण सरकारी निकायहरुमा कार्यरत कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न समय समयमा आवश्यक प्रविधि सम्बन्धी तालिम प्रदान गरिनेछ ।

## सुशासन, सार्वजनिक सेवा प्रवाह एवं संस्थागत विकास सम्बन्धी नीति

१. कार्यालयको लागि आवश्यक पर्ने कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोको कार्यान्वयनमा आवश्यक पहल गरिनेछ ।

२. कार्यालयको कार्यबोझ तथा राजश्व क्षमताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाइनेछ। साथै गाउँपालिकामा उपलब्ध रहेका सहयोगी तथा सहायक स्तरका कर्मचारीहरुलाई समेत आवश्यकता अनुसार उपयुक्त जिम्मेवारी दिईनेछ ।
३. गाउँपालिका तथा वडा कार्यालयहरुमा व्यवस्थापन गरिएको नागरिक बडापत्र अनुरुप सेवा प्रवाह गरिनेछ ।
४. गाउँपालिकाको प्रशासनीक भवन निर्माण यथासिघ्र गरी सो भवनबाट सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
५. कार्यालयबाट सम्पादन हुने कार्यक्रमहरुको त्रैमासिक रुपमा समीक्षा र चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ।
६. कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन गरी कार्यपालिकामा पेश गरी फरफारक गरिनेछ ।
७. क्षमता विकास योजना तर्जुमा गरी बजेट तथा कार्यक्रममा तादम्यता हुने गरी कार्यान्वयन गरिनेछ ।
८. निर्वाचित पदाधिकारी र कर्मचारीहरुका लागि वार्षिक रुपमा योजना बनाइ बजेटमा समावेश गरी तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
९. कार्यालयमा प्रयोग हुने सवारी साधनहरुमा प्रयोग हुने इन्धन तथा सवारी मर्मत खर्चलाई सम्बन्धित कानुन तथा मापदण्डको आधारमा थप व्यवस्थित गरिनेछ ।
१०. कार्यालयको खर्चको आन्तरिक लेखा परीक्षण नियमित गरिने तथा महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको सुझावहरु गाउँ कार्यपालिकामा छलफल गरी सुझावलाई कार्यान्वयन गरिने व्यवस्था मिलाईनेछ ।
११. यस तामाकोशी गाउँपालिकाको निर्वाचित जनप्रतिनिधिहरुद्वारा वार्षिक तथा ५ वर्षे कार्याकालमा सम्पादन गरिएका कार्यहरुलाई अभिलेखिकरण गर्न एक दस्तावेज तथा वृतचित्र निर्माण गरिनेछ ।

## राजश्व संकलन र परिचालन सम्बन्धी नीति

१. गाउँपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।
२. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ।
३. कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।
४. गाउँपालिकाले कर संकलनको लागि ब्यवस्था गरेको अनलाइन प्रणालीलाई थप ब्यबस्थित गरी सबै करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
५. राजस्व व्यवस्थापन प्रणालीको प्रयोग गरी राजश्व संकलन प्रक्रियालाई निरन्तरता दिई थप व्यवस्थित बनाइनेछ।
६. सम्पत्ति कर तथा व्यवसाय करको कार्यान्वयनका लागि आवश्यक कानुनी तथा प्रक्रियागत व्यवस्था मिलाइनेछ।
७. आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा सूचित गराउने हेतुका साथ करदाता शिक्षा कार्यान्वयनमा ल्याइनेछ ।

## सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन सम्बन्धी नीति

१. लक्षित वर्गको आर्थिक— सामाजिक— सांस्कृतिक रुपान्तरण गर्न नेतृत्व विकासका लागि आय आर्जन क्षमता विकास र स-शक्तिकरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
२. ज्येष्ठ नागरिक तथा विकलाङ्ग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

३. बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ ।

४. महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ ।

५. गाउँपालिका तथा वडा स्तरमा महिला सञ्जाल तथा दलित सञ्जाल मार्फत सम्बन्धित लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिइने छ ।

६. महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समूदायको लागि लैंङ्गीक समानता एवं सामाजिक समावेशीकरण (**Gender Equality and Social Inclusion**) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

७. लैंगिक हिंसाको पहिचान तथा यससँग सम्बन्धी मौजुदा कानून ऐन तथा नियमावली बारे जानकारी गराउने अन्तरक्रिया, अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

८. लैंगिक हिंसा निवारण कोष सञ्चालनमा ल्याई पीडितलाई आवश्यक राहत सहायता र पुनर्थापनाका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

९. बाल विवाह न्यूनिकरण गर्ने रणनीतिक योजना अनुरुप कार्यक्रम सञ्चालनमा ल्याई बाल विवाह मुक्त स्थानीय तह घोषणा गर्ने आधार तयार गरिनेछ ।

१०. बालबालिका माथि हुने सबै किसिमका हिंसा न्यूनिकरण गरी संरक्षण गर्ने कार्यक्रम सञ्चालनमा ल्याई स्थानीय तह सञ्चालन प्रक्रियामा बालबालिकाको उपयुक्त सहभागिता सुनिश्चित गरी बालमैत्री स्थानीय तह प्रोत्साहन कार्य अगाडि बढाइनेछ ।

११. पालिकाभर अपांगता भएका व्यक्तिहरुको पहिचान गर्ने, परिचयपत्र वितरण गर्ने, वर्ग परिवर्तन गर्ने प्रयोजनका लागि अपांगता सीविर सञ्चालन गरिने छ ।

१२. महिला तथा बालबालिकामाथि घट्न सक्ने सम्भावित हिंसाजन्य घटनालाई प्रतिकार गर्न सक्ने क्षमता अभिवृदि गर्ने अभिप्रायका साथ आत्मरक्षा कार्यक्रमलाई निरन्तरता ल्याइनेछ ।

<u>वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति</u>

१. गाउँपालिका भित्रका मुख्य र सहायक सडकहरुका दाँया बाँया स्थानिय समुदायको सहकार्यमा अनिवार्य रुपमा हरिया विरुवा लगाउने नीति अवलम्वन गरिनेछ ।

२. **तामाकोशीको सौन्दर्यलाई दिगोपना बनाइराख्न** जनप्रतिनिधि, कर्मचारी र समुदायको सहकार्यमा महिनाको अन्तिम शनिबार सरसफाई अभियान सञ्चालन गरी सफा स्वच्छ वातावरणको निर्माण गरिनेछ ।

३. "**हाम्रो तामाकोशी, सफा तामाकोशी** अभियान अन्तर्गत सार्वजनिक स्थानहरुमा स्थानीय सामाग्रीको प्रयोग गरी डस्टबिनको अनिवार्य व्यवस्थापन गरी फोहोर संकलन कार्य वडा र गाउँपालिकाको समन्वयमा गरिनेछ ।

४. गाउँपालिका स्तरीय वन उपभोक्ता महासंघ समितिको सहकार्य र समन्वयमा सामुदायिक वनको वार्षिक लेखापरिक्षण प्रतिवेदन गाउँपालिकामा पेश गरिने तथा वन संरक्षण र वृक्षारोपणको लागि पहल गरिनेछ ।

५. सार्वजनिक स्थानमा बृक्षारोपण र सामुदायिक वन क्षेत्रमा गाउँपालिकाको समन्वयमा सम्भाव्य जडिबुटिको व्यवसायिक खेति गर्न प्रोत्साहन गरी स्थानीय तहमा नै प्रशोधन उद्योग स्थापनाको लागि सहुलियतपुर्ण कर्जा र बजारिकणको लागि आवश्यक नीतिगत पहल गरिनेछ ।

६. सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकामा दर्ता गर्ने नितिगत व्यवस्था गरी उनीहरुको क्षमता विकासका लागी तालिमको व्यवस्था गरिनेछ ।

७. सार्वजनिक स्थानमा वृक्षरोपण गर्ने कार्यलाई निरन्तरता दिइ पहिरो जोखिम तथा भुक्षय ग्रस्त क्षेत्रहरुमा बृक्षरोपण गर्ने कार्यलाई प्राथमिकता दिई अगाडि बढाइनेछ।

८. गाउँपालिका स्तरिय विपद जोखिम न्युनिकरणको लागि विपद प्रतिकार्य स्वयंसेवक टोलि गठन गरी आवश्यक तालिम प्रदान गरिनेछ ।

९. विपद जोखिम न्युनिकरणका लागी कार्यरत संघसंस्थाहरुसँग सहकार्य गरी खोज तथा उद्धार तथा प्राथमिक उपचार सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।

१०. मनसुजन्य विपद र आगोलागिजन्य विपदबाट क्षति भएका घरहरुको पुनर्निमाण तथा मर्मत लागि संघ प्रदेश र स्थानिय तहको सहकार्यमा प्रक्रिया अगाडि बढाइनेछ ।

११. विपदबाट हुने क्षति न्युनिकरण तथा राहात उद्धार कार्यको लागि गाउपालिका स्तरको विपद उद्धार तथा राहत सामाग्रीहरु भण्डार केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

१२. गाउँपालिका तथा वडा स्तरको विपद व्यवस्थापन समितिलाई सक्रिय बनाई क्षमता विकास गरिनेछ ।

१३. खोज तथा उद्धार र प्राथमिक उपचार सम्बन्धि तालिम सहित वडा स्तरीय उद्धार कर्ता टोलि गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४. प्राथमिक उपचार तथा खोज तथा उद्धारका लागि वडा स्तरीय उद्धारकर्ता टोलि गठन गरि कार्यान्वयनमा ल्याइनेछ ।

१५. ढुङ्गा गिट्टि वालुवा लगायतका नदीजन्य स्रोतहरको अनधिकृत दोहन नियन्त्रणका लागि आवश्यक कानुनी प्रबन्ध निर्माण गरी उक्त कार्यको नियन्त्रण गरिनेछ ।

१६. सडक निर्माण तथा विस्तारको क्रममा क्षति पुगेका चौतारा, ढुङ्गेधारा, कुवा, मठमन्दिर आदि सम्पदाहरूको स्थानीय समुदायको समन्वय समन्वय तथा सहकार्यमा संरक्षण र संवर्द्धन कार्य गरिनेछ ।

<u>उद्योग तथा वाणिज्य सम्बन्धी नीति</u>

१. तामाकोशी उद्यमी कोशेली पसल स्थापना गरि तामाकोशी गाउँपालिका भित्र उत्पादित हरेक वस्तुलाई विक्रीवितरणमा सहजता ल्याइने छ ।

२. गाउँपालिका भित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि लगानी मैत्री वातावरणको निर्माण गरि आवश्यक पहल गरिनेछ ।

३. लघु उद्यमको प्रवर्धन तथा स्थापना मार्फत उद्यमशीलताको विकास गर्न वित्तिय संघ संस्थाहरुसंग समन्वय गरि सहुलियत ऋणको व्यवस्था मिलाइने छ ।

४. सिपविकास तालिमलाई अझ प्रभावकारी वनउन निरन्तरता दिइनेछ ।

५. पालिका भित्र रहेका उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम गरिने छ ।

६. पालिका भित्र रहेका उद्यमीहरुको अनुगमन तथा मुल्याङ्कन गरि थप कार्यक्रम सञ्चालन गरिने छ ।

७. पालिका स्तरमा श्रोत साधानको पहिचन गरि जुस, जाम, जेली, मकैको खोष्टाबाट वन्ने चकटी, जत्ता जस्ता उद्योग स्थापनाको लागि प्रविधि खरिको व्यवस्था मिलाइने छ ।

८. अल्लोको धागो प्रसोधन तथा विक्रीमा सहजिकरण गरिने छ ।

९. नयाँ तथा पुराना उद्यमीहरुको प्रबर्धनलाई निरन्तरता दिइने छ ।

१०. एक वडा एक बिशेष उद्यम स्थापनाको लागि बिशेष पहल गरिने छ ।

११. वेकरी तथा दुधबाट बन्ने परिकार सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

१२. स्थानिय कृषि उत्पादन रायो, तोरी लगायतको सागबाट गुन्द्रुक निर्माण तथा विक्रीमा सहजी करण गरिने छ ।

तामाकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम

## कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी नीति

१. कानूनको नजरमा सबै समान हुन्छन भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइने छ ।
२. मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित गर्दै लगिनेछ। साथै मेलमिलापकर्ताहरुको लागि क्षमता विकास तालिमको व्यवस्था मिलाईने छ।
३. आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु निर्माण गरी लागु गरिनुका साथै सफ्टवयर मार्फत न्यायिक समितिका मिसिलहरुको व्यवस्थापन गरिनेछ ।
४. अशक्त, विपन्न, मानसिक रोगी, हिम्सा पिडीत व्यक्तिहरुको लागि न्यायमा पहुँच स्थापना गर्ने विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै विशेष कोषको व्यवस्थापन गरी सहयोग कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।
५. आवश्यकताको पहिचान गरी मनोपरामर्श सेवा तथा कानूनी सेवा परामर्शको कार्यक्रम सञ्चालन गरिनेछ ।

## सहकारी सम्बन्धी नीति

१. गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको वार्षिक एक पटक सघन अनुगमन गर्ने व्यवस्था गरिनेछ । सघन अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा सहकारी संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास, संस्थागत सुशासन लगायतको विषयमा थप योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२. गाउँपालिका भित्रका कृषि सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी सहकारीहरुको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अवलम्बन गरिनेछ ।
३. सहकारी संघसंस्थाहरुको एकिकरणलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै लामो समयदेखि सञ्चालनमा नरहेका र निस्क्रिय रहेका संस्थाहरुलाई आवश्यक प्रक्रिया मार्फत खारेजिको प्रक्रियामा लगिनेछ ।
४. सबै सहकारी संस्थालाई कोपोमिस प्रणाली (COPOMIS System) अनिवार्य रुपमा लागु गर्न कोपोमिस सञ्चालन तालिम सञ्चालन गरिनेछ।
५. सहकारी संस्थाहरुको व्यवस्थापन र दक्षता अभिवृद्धिका लागि विविध तालिमलाई निरन्तर सञ्चालन गरिनेछ ।
६. उत्कृष्ट सहकारी संस्थाहरूको अवलोकन भ्रमण कार्यक्रम गरिनेछ।
७. विद्यार्थी शैक्षिक बचत कार्यक्रम लगायतका गाउँपालिकासँग समन्वय सहकार्य गर्ने सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास तालिम जस्ता विशेष कार्यक्रमहरु मार्फत प्रोत्साहन गरिनेछ।

## योजना तर्जुमा सम्बन्धी नीति

१. गाउँपालिका अन्तर्गत सञ्चालित योजनाहरुको कार्य सम्पन्न पश्चात हुने सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित गरी सञ्चालन गर्न नमूना स्वरुप प्रत्येक वडामा एउटा योजनाको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ।
२. योजना व्यवस्थापन प्रणालीको व्यवस्थित प्रयोगका लागि तथ्याङ्क संकलन, विश्लेषण र रिपोर्टिङ गर्न चुस्त र दुरुस्त हुने योजना व्यवस्थापन प्रणालीको अद्यावधिक तथा प्रयोगलाई व्यवस्थित गरिनेछ ।
३. गाउँपालिका स्तरीय अनुगमन समिति मार्फत तामाकोशी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ बमोजम हुने अनुगमन कार्यलाई कार्यविधि अनुसार निरन्तरता दिइनेछ ।
४. योजना सम्पन्न पश्चात पनि समुदाय स्तरबाट निरन्तर मर्मत संभार तथा रेखदेख आवश्यक हुने खानेपानी, मठ मन्दिर तथा अन्य सार्वजनिक महत्वका योजनाहरुलाई उपभोक्ता समिति दर्ता गरेर मात्रै योजना कार्यान्वयनमा लगिनेछ ।

## ऊर्जा सम्बन्धी नीति

१. बायोग्यास तथा सुधारिएको चुलो, विद्युतीय चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाको प्रवर्द्धन एवम् विस्तार गर्दै दाउराको प्रयोगलाई क्रमशः कम गर्दै लगिनेछ ।

२. जैविक स्रोतको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्न प्रविधि र प्रणालीको विकास र विस्तार गरिनेछ ।

३. कृषि तथा पशुपन्क्षीको जैविक पदार्थको उपयोग गरी बायोग्यास प्लान्ट प्रवर्द्धनको कार्यक्रम सञ्चालनमा ल्याउइनेछ।

४. दिगो एवम् अनन्त ऊर्जाको स्रोतको रुपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरुमा सोलार बत्तिको थप व्यवस्था गर्ने तथा मर्मत कार्यक्रम सञ्चालन गरिनेछ ।

५. जीवनको गुणस्तर (Quality of Life) अभिबृद्धि गर्न आवश्यक न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता गरिनेछ।

**<u>सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी नीति</u>**

१. वैंक मार्फत वडा तहबाट वितरित सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरा दिइने छ ।

२. ज्येष्ठ नागरिक परिचय पत्र सहज रुपमा सेवाग्राहीलाई उपलब्ध गराउन सम्बन्धित वडा तहवाट नै वितरण गर्ने व्यवस्था मिलाइने छ ।

३. व्यक्तिगत घटना दर्ता सप्ताहको निरन्तरता दिइने छ ।

४. सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित गर्न बायोमेट्रिक प्रणालीको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

**<u>श्रम रोजगार तथा श्रम सम्बन्ध सम्बन्धी नीति</u>**

१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट रोजगार व्यवस्थापन सूचना प्रणालिमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकिकरणको आधारमा न्युनतम रोजगारीको प्रत्याभुति गराईनेछ ।

२. सुचिकृत बेरोजगार व्यक्तिहरुलाई श्रमबजारको मागमा आधारमा रहि सिपमुलक तालिमको लागि आवश्यक बजेट विनियोजन गरि दक्ष जनशक्ति उत्पादनमा जोड दिईनेछ ।

३. आन्तरिक रोजगारी प्रवर्द्धनमा विशेष जोडका साथ सुचिकृत अति विपन्न दलित महिलाहरुलाई प्राथमिकता दिई तामाकोशी रोजगार कार्यक्रमबाट रोजगार प्रदानका साथै दिगो विकासको कार्यलाई निरन्तरता दिइनेछ ।

४. नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्थाबाट सिप युक्त जनशक्तिहरुलाई सिप परिक्षणको लागि आवश्यक बजेट विनियोजन गरि सिप परिक्षणको लागि सहजिकरण गरिनेछ ।

५. बालश्रममुक्त स्थानीय तह घोषणाको लागि निति बनाइ बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि पहल गरिनेछ।

६. स्थानीय तहमा दर्ता भई बजारिकरणको अभाव तथा सिपयुक्त जनशक्तिको अभावको कारण सञ्चालनमा नरहेका साना उद्योगहरुलाई सहुलियत पुर्ण कर्जा तथा स्थानिय उत्पादमा जोड दिई बजारिकरण तथा उत्पादित सामाग्रिहरु स्थानिय तहमा नै प्रयोगको लागि आवश्यक नितिगत व्यवस्था गरि उद्योग मार्फत रोजगारी सृजनाका लागि लागि आवश्यक पहल गरिनेछ ।

७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र स्थानीय तहको लागत साझेदारीमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरि दिगो र गुणस्तरिय विकास निर्माणको थालनी गरिनेछ ।

८. बैदेशिक रोजगारमा जाने श्रमिकहरुको पुनः श्रम स्वीकृत कार्यलाई गाउँपालिकबाट नै निःशुल्क रुपमा सेवा प्रदान गरी व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

९. बैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने सम्पुर्ण सेवाहरु गाउँपालिकाबाट नै निःशुल्क व्यवस्थित र प्रभावकारी रुपमा प्रदान गरिनेछ ।

१०. बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुले आफुले सिकेको सिपको आधारमा स्वरोजगारमुलक बनाउन सहुलियतपुर्ण कर्जा साथै मागमा आधारित तालिमको व्यवस्थापन तथा आवश्यक सहजिकरण गरिनेछ ।

११. विभिन्न शाखागत तथ्याङकहरुलाई एकिकृत गरि सामाजिक संरक्षणका कार्यक्रमहरु एकद्धार प्रणालिबाट सञ्चालन साथै रोजगारी तथा स्वरोजगारमुलक कार्यक्रम सञ्चालनको क्रममा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकिरण दिने नितिगत व्यवस्था मिलाइनेछ ।

१२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र तामाकोशी रोजगार कार्यक्रमबाट कृषिका क्षेत्रमा वडागत सम्भाव्यताका आधारमा लागत साझेदारीबाट नमुना कृषि फर्म सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

१३. गाउपालिका अन्तर्गत अस्थायी करार तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्धको लागि आवश्यक बजेट तथा नितिगत व्यवस्था गरिनेछ ।

१४. **"स्वदेशमा नै रोजगारी गरौ, बैदेशिक रोजगारीमा जाने भए सहि सूचना लिएर र सिप सिकेर मात्रा जाऔं** "भन्ने नारा सहित सुरिक्षत आप्रवासन (SAMI) कार्यक्रम सुरुवात गरी बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ ।

## दिगो विकास सम्बन्धी नीति

१. संयुक्त राष्ट्र संघले तय गरेका १७ वटा लक्ष्य अन्तर्गतका परिसूचक बमोजिमका कार्यक्रमहरु सञ्चालनमा ल्याई दीगो विकासको लक्ष्य हासिल गर्ने कार्यमा योगदान पुऱ्याइनेछ।

अन्त्यमा,

गाउँपालिका जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट तामाकोशी गाउँपालिकालाई समृद्ध, सुरक्षित र जीवन्त बनाउने हाम्रो दृढ सङ्कल्प रहनेछ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, निर्वाचित प्रतिनिधि गाउँपालिकाका कर्मचारी, राजनीतिक दलहरु, आम मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

तामाकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम